जातीय समानताको बढावाको निम्ति
विधमान तथा योजनाबद्ध उपायहरू

रेडियो टेलिभिजन हङकङ

रेडियो टेलिभिजन हङकङ (RTHK) हङकङको सार्वजनिक सेवा प्रसारक हो जसले रेडियो, टेलिभिजन (TV) र नयाँ सञ्चार सेवाहरू प्रदान गर्दछ ।

सम्बन्धित सेवाहरू

- RTHK ले आफ्नो रेडियो प्रसारण समयको एक भाग समुदाय, गैर-सरकारी संस्थाहरू र विपन्न वर्गलाई सामुदायिक संलग्नता प्रसारण सेवा (CIBS) को प्रावधान मार्फत प्रसारणमा सहभागी हुन मञ्च प्रदान गर्न समर्पित छ ।

विधमान उपायहरू

- CIBS अन्तर्गत, योग्य व्यक्ति र संस्थाहरू, विविध जातिका मानिसहरू लगायतले , RTHK मा प्रसारण हुने रेडियो कार्यक्रमहरू उत्पादन गर्न आवेदन दिन सक्छन् ।

- RTHK ले सफल आवेदनहरूलाई CIBS अन्तर्गत कार्यक्रमहरू उत्पादन गर्न कोष प्रदान गर्दछ ।

- CIBS ले हाल प्रति हप्ता 17 घण्टा नयाँ कार्यक्रमहरू उत्पादन गर्दछ । ती मध्ये, कम्तिमा 5 घण्टा विशेष गरी अल्पसंख्यक जातीयहरूको विषयवस्तुमा केन्द्रित छन्। अहिलेसम्म प्रसारित कार्यक्रमहरुमा क्यान्टोनिज, पुटोङ्वा, अंग्रेजी, अफ्रिकी, अरबी, हाक्का, हिन्दी, जापानी, कर्नाटका, कोरियाली, नेपाली, पञ्जाबी, संस्कृत, स्पेनिश, तागालोग, तामिल, तेलगु, थाई र उर्दू भाषाहरू समावेश छन् ।

भावी कार्यको मूल्यांकन

- RTHK ले CIBS कार्यक्रमहरू बारे सर्वसाधारणहरुमा जागरूकता ल्याउन र उनीहरुको सहभागितालाई सहज बनाउन CIBS लाई प्रवर्द्धन गर्न जारी राख्नेछ। प्रचारात्मक प्रयासहरूमा अल्पसंख्यक जातीयहरूका पत्रपत्रिका र पत्रिकाहरू, सामाजिक सञ्जाल प्लेटफर्महरू, रेडियो र टिभी ट्रेलरहरूमा विविध जातीय मानिसहरूलाई लक्षित गर्ने विज्ञापनलाई समावेश गरिएको छ । साथै, RTHK ले CIBS उत्पादकहरू र प्रतिभाहरूलाई विभिन्न प्रवर्द्धनात्मक गतिविधिहरूमा सहभागी हुन आमन्त्रित गर्न जारी राख्नेछ, जसमा विविध जातिका मानिसहरू पनि समावेश छन्; र CIBS अन्तर्गत कार्यक्रमहरूमा आवेदन दिने वा उत्पादन गर्नेहरूलाई, व्यावसायिक उत्पादकहरूद्वारा विभिन्न कार्यक्रमहरू उत्पादन गर्न प्रशिक्षण कार्यशालाहरू प्रदान गर्न सहयोग प्रदान गर्नेछ । उदाहरणका लागि, अक्टोबर 2024 र अप्रिल 2025 मा क्रमशः विभिन्न गैर-सरकारी संस्थाहरू मार्फत अल्पसंख्यक जातीयहरूका लागि विशेष "CIBS EM प्रसारण दिवस" अन्तरक्रियात्मक कार्यक्रम सुरु गरिएको थियो ।

अपनाएका /अपनाउनु पर्ने थप उपायहरू	● सर्वसाधारणले सान्दर्भिक जानकारी सजिलैसँग पहुँच गर्न सकून् र CIBS अनुप्रयोगहरू र कार्यक्रमहरूमा प्रतिक्रिया दिन सकून् भनि RTHK ले CIBS वेबसाइटलाई अद्यावधिक र सुधार गर्नेछ। उदाहरणका लागि, नोभेम्बर 2024 देखि CIBS वेबसाइटमा आठ अल्पसंख्यक जातीय भाषाहरू प्रदान गर्न परिष्कृत गरिएको छ। ● RTHK का सहकर्मीहरूलाई जातीय समानताबारे जागरूकता र संवेदनशीलता बढाउन तालिममा भाग लिने व्यवस्था मिलाइनेछ।

जातीय समानताको बढावाको निम्ति विधमान तथा योजनाबद्ध उपायहरूबारे सोधपुछ गर्न, निम्न माध्यमहरू मार्फत सम्पर्क गर्नुहोस् -

नाम	:	क्वोक विङ-फाई (KWOK Wing-fai)
पद	:	वरिष्ठ कार्यकारी अधिकारी (जनरल) Senior Executive Officer (General)
टेलिफोन नं	:	2339 6302
फ्याक्स नम्बर	:	2338 0279
ईमेल:	:	kwokwf@rthk.hk
पत्राचार ठेगाना	:	30 Broadcast Drive, Kowloon, Hong Kong

रेडियो टेलिभिजन हङकङ
मे 2025